निषेधाज्ञाले बिजुलीको माग घट्यो......। पृष्ठ ५ मा

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com

खबरपत्रिका साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-८
मिडिया चोक, मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com



● मकवानपुर, वर्ष-१३, ● अंक-४३ ● २०७८ वैशाख २७ गते सोमबार, ● 10 May. 2021, ● नेपाल सम्वत्-११४१, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

## थाहामा कोरोना न्यूनिकरणका लागि निर्देशन समिति गठन

विकास संवाददाता

थाहा नगर

कोभिड–१९ न्यूनिकरणका लागि जिल्ला प्रशासन कार्यालय मकवानपुरले विभिन्न पालिकाहरूमा निषेधाज्ञा जारी गरेपछि सोको पूर्ण पालनाका लागि थाहानगरमा 'कोभिड रोकथाम तथा नियन्त्रण निर्देशन समिति' गठन गरिएको छ ।



नगर प्रमुख लवशेर विष्टको संयोजकत्वमा थाहानगरमा क्रियाशील राजनीतिक दल, प्रहरी, संघसंस्थासहितका प्रतिनिधि सम्मिलित १३ सदस्यीय समिति गठन गरेको हो । समितिमा उपप्रमुख खड्ग गोपाली उपसंयोजक, नेकपा एमालेका जिल्ला सदस्य सुरेन्द्रमान प्रधान, नेकपा माओबादी केन्द्रका नगर अध्यक्ष अरूण रायमाझी, नेपाली काँग्रेस नगर सभापति योगेन्द्रमान श्रेष्ठ, जनता समाजवादी पार्टीका इन्द्रबहादुर श्रेष्ठ, विवेकशील साझा पार्टीका माधव कार्की, इलाका प्रहरी कार्यालय पालुङका प्रमुख श्रीराम तिमिल्सिना, नेपाल रेडक्रम सोसाइटीका हरिकृष्ण कार्की, थाहानगर उद्योग वाणिज्य संघका कोषाध्यक्ष भरत गोपाली र पालुङ जेसीजका महासचिव संगम कार्की सदस्य छन् । समितिले नियमित रूपमा कोभिड–१९ को रोकथाम तथा न्यूनिकरणका लागि आवश्यक कार्यका लागि तत्काल निर्णय गर्नेछ । साथै, नियमित अनुगमनलाई प्राथमिकता दिइ कोभिड–१९ संक्रमित विरामीहरूको व्यवस्थापन समेतका लागि क्रियाशील हुनेछ । बैठकमा नगर प्रमुख विष्टले हालसम्म थाहा नगरमा कोभिड–१९ को अवस्था र सोको क्षेत्रमा भएगरिएका गतिविधिहरूका`विवरण प्रस्तुत गरेका थिए । थाहानगरमा आइसोलेशनका लागि पचास प्रतिशत भत्ता सुविधासहित २ जना डाक्टर, स्टाफ नर्स, ल्याव असिस्टेन्टको व्यवस्था गरिसकेको छ । नगरमा अक्सिजनको कमी हुन नदिन नागरिकहरूसँग रहेका अक्सिजनका खाली सिलिण्डरहरू समेत माग गरेको छ । हालसम्म नागरिकबाट ३० वटा सिलिण्डर उपलब्ध भइसकेको नगरपालिकाले जनाएको छ । नगर स्वास्थ्य शाखाले होम आइसोलेशनमा बसेका विरामीहरूको अवस्थाका बारेमा

बाँकी पेज ५ मा

## लामो लाइन नै विद्युत आपुर्तिको प्रमुख समस्या: प्राधिकरण



विकास संवाददाता

थाहा नगर

पछिल्लो समय हरेक दिनजसो दसौं पटक थाहानगरमा बिद्युत आपूर्ति बन्द हुँदा सबै क्षेत्र प्रभावित हुने गरेको छ । बिना सूचना विद्युत आपूर्ति बन्द हुँदा सर्वसाधारणहरू प्राधिकरणसङ्ग आक्रोसित हुने गरेका छन् ।

बाँकी पेज ५ मा

## प्रविधिमय बन्दै इन्द्रसरोवर

विकास संवाददाता

थाहा नगर

मकवानपुरको इन्द्रसरोवर गाउँपालिकाले आफ्नो सूचना तथा सेवा प्रवाहलाई प्रविधिमय बनाउँदै सेवा प्रवाह थालेको छ । दैनिक कामकाज, आर्थिक कारोवार लगायतका सेवा प्रवाहहरूलाई प्रविधिमय बनाई सेवा तथा अभिलेख व्यवस्थापनलाई चुस्त, दुरूस्त एवं पारदर्शी बनाउने उदेश्यले गाउँपालिकाले प्रविधि अवलम्बन थालेको हो ।

गाउँपालिका क्षेत्र भित्रका ५ वटै वडा कार्यालय, ५ वटै स्वास्थ्य चौकी, ३ वटै प्रहरी चौकी, ६ वटै माध्यमिक विद्यालय र गाउँपालिकाको कार्यालयमा समेतमा अप्टिकल फाइवर सहित द्रुत गतिको इन्टरनेट विस्तार कार्य सम्पन्न भएको गाउँपालिकाका सूचना प्रविधि अधिकृत राजन खतिवडाले जानकारी दिए ।

बाँकी पेज ६ मा

## कोरोना कहर- वडा/वडामा समिति बन्दै

विकास संवाददाता

थाहा नगर

थाहानगरमा पनि कोभिड-१९ संक्रमितको संख्या दिनहुँ बढ्दो छ । मङ्गलबार मात्रै एकै परिवारका पाँच सहित १२ जना कोरोना संक्रमित भएका छन् । मङ्गलबार थपिएका संक्रमितहरू धेरैजसो थाहा ३ का छन् ।

तीमध्ये एकै परिवारका पाँच जना र एउटै विवाह भोज खाएका तीन जना छन् । संक्रमितमध्ये ६ महिना, १८ महिना उमेरदेखि ४८ वर्षसम्मका छन् । १६ जनाको एन्टीजेन परिक्षण गरिएकोमा १२ जनामा पोजेटिभ रिपोर्ट आएको हो । मङ्गलबारसम्म थाहानगरमा संक्रमितको संख्या ६२ पुगेको छ । तीमध्ये स्वासप्रस्वासमा समस्या रहेका एक जनाको काठमाडौमा उपचार भैरहेको छ्भने ६१ जना होम आइसोलेशनमा छ्न । होम आइसोलेशनमा रहेका सबै संक्रमितको नियमित स्वास्थ अवस्था निगरानी गरिरहेको प्राथमिक स्वास्थ्य केन्द्र पालुङका डा. रिकेश कार्कीले बताए । यसैबीच, कोभिड-१९ रोकथाम तथा नियन्त्रणमा सहयोग पुर्याउने हेतुले थाहा नगरपालिकाले वडा/वडामा समितिहरू गठन कार्य सुरू गरेको छ । मङ्गलबार मात्रै वडा नम्बर ६, ९ र १० मा वडाध्यक्षको संयोजकत्वमा समितिहरू गठन गरिएको छ । समितिमा सबै वडा सदस्य, राजनीतिक दलका प्रतिनिधि, वडामा कृयाशील संघसंस्थाका प्रतिनिधि सम्मिलित छ्न । समितिले निषेधाज्ञा पुर्ण पालना गर्न लगाइ कोरोना संक्रमण न्यूनिकरणका लागि विभिन्न गतिबिधिहरू संचालन गर्ने नगर प्रमुख लवशेर विष्टले बताए । भौतिक दूरी कायम गरि छुट्टाछुट्टै स्थानहरूमा भएको बैठकमा प्रमुख विष्टले आफुआफैले अनुशासन पालना गरेमा कोरोना नियन्त्रण हुने बताए । बैठकमा नगर स्तरीय कोभिड रोकथाम तथा नियन्त्रण निर्देशन समितिका उपसंयोजक खड्ग गोपाली, सदस्यहरू सुरेन्द्रमान प्रधान, योगेन्द्रमान श्रेष्ठ, अरूण रायमाझी, भरत गोपालीलगायतको सहभागिता थियो ।

## अतिआवश्यकीय सेवामा अटोको प्रयोग

विकास संवाददाता

थाहा नगर

समुदायस्तरमा कोरोना सत्रमितको सत्त्या बढ्दै गएपछि मकवानपुरको थाहा नगरपालिकाले नगरमा सञ्चालित अटोरिक्सालाई अतिआवश्यकीय सेवामा रूपमा प्रयोग गर्ने भएको छ । नगरपालिकामा रहेका एम्बुलेसले धान्न नसक्ने अवस्था आउन सक्ने सम्भावना देखेर बिरामी बोक्ने विकल्पका रूपमा अटो प्रयोग गर्ने निष्कर्षमा पुगेको नगरपालिकाका उपप्रमुख खड्गबहादुर गोपालीले बताए ।'हाल नगरपालिकाभित्र छ वटा एम्बुलेन्स सञ्चालनमा छन्, नगरमा कोरोना सत्रमणको दर बढ्दै गएकाले यहाँ सञ्चालित अटोहरूलाई पनि तयारी अवस्थामा राख्न लागिएको छ', उपप्रमुख गोपालीले भने । समयमै एम्बुलेन्स पाउने अवस्था नहुन सक्ने र जारी निषेधाज्ञाका कारण यातायातका अन्य साधन नपाउने स्थिति भएपछि प्रत्येक वडामा अटोको प्रयोग गर्न लागिएको उनको भनाइ छ । नगरपालिकाले नगरस्थित अटो व्यवसायी सङ्घसँग प्रत्येक वडामा एउटा अटोलाई चौबिसै घण्टा तयारी अवस्थामा राख्नेगरी सहमति गरेको नगरपालिकाका सूचना अधिकारी सुरजकुमार भुजेलले जानकारी दिए ।

सामान्यतया ती अटोले वडाबाट नगरभित्रको स्वास्थ्य संस्थासम्म बिरामी पुर्याउनेछन् । त्यसरी प्रयोग हुने अटोका चालक पछाडिको भागमा प्लास्टिकले बारेर सुरक्षित बनाइनेछ । बिरामी बोक्न प्रयोग नभएको अवस्थामा ती अटोलाई अत्यावश्यक सामान ढुवानीमा समेत प्रयोग गर्न सकिने गरी सहमति भएको नगरपालिकाका सूचना अधिकारी भुजेलले बताए । नगरमा वडा नं ३ मा २३ र ४ मा ११ जनासहित हाल ८० व्यक्ति कोरोना सत्रमित छन् ।



## व्यक्तिगत घटना दर्ता सम्बन्धी जरूरी सूचना !

जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

**थाहा नगरपालिका**

नगर कार्यपालिकाको कार्यालय

इन्द्रायणीचौर, मकवानपुर

## नेपाल सरकारको सूचना !

'स्वास्थ्य नै ठूलो धन हो'

'कोभिड-१९ को संक्रमणबाट आफू बचौं र अरुलाई पनि बचाऔं,
अत्यावश्कीय सेवा प्रवाह गर्दा निम्न कुरामा ध्यान दिऔं ।'

- अत्यावश्यक काम बाहेक अन्तराष्ट्रिय सीमा, सीमावर्ती क्षेत्र अन्तरजिल्ला र जिल्ला भित्रका कोभिड-१९ संक्रमणको उच्च जोखिम भएको क्षेत्रमा आवतजावत नगरौं ।
- अत्यावश्यकीय कामको लागि त्यस्ता क्षेत्रहरुमा आवतजावत गर्दा अनिवार्य रुपमा मास्क लगाऔं ।
- अनावश्यक भिडभाड नगरी भौतिक दुरी कायम गरौं ।
- सरकारले गरेको अनुरोध पालना नगर्नेलाई प्रचलित कानून बमोजिम तत्काल कारबाही गर्न सक्ने भएकोले सबैले सरकारको अनुरोध पालना गरौं ।

नेपाल सरकार

**सूचना तथा सञ्चार प्रविधि मन्त्रालय**

सूचना तथा प्रशारण विभाग

# सम्पादकीय

## माहाव्याधिमा पनि कालोबजारी ?

भरतमा दिनानु दिन अक्सिजन अभावको कारण ज्यान गुमाउनेको संख्या बढदै गईरहेको विभिन्न सञ्चार माध्यमहरुले सञ्चार गरिरहेको छ । यता नेपालमा अक्सिजनको कालोबजारी गर्ने गरेको पाईएको छ । अहिले बिरामीका लागि पर्याप्त अक्सिजन छैन। अस्पतालमा अक्सिजन ग्यासको अभावमा बिरामी छट्पटाइरहेको अवस्थामा व्यापारी कालोबजारीमा लागेका छन्। केही दिनअघि मात्र अक्सिजन ग्यासका सिलिन्डर भारत तस्करी गरेको आरोपमा महोत्तरी प्रहरीले तीन जनालाई पक्राउ गऱ्यो। प्रहरी गस्ती टोलीले जलेश्वर नगरपालिका–३ स्थित नेपालबाट भारततर्फ लैजाने प्रयोजनका लागि राखेको तीन थान भरिएको अक्सिजन सिलिन्डर नियन्त्रणमा लिएको थियो। त्यसको भोलिपल्ट फेरि जलेश्वर–१२ मा भारततर्फ लैजान जिपमा तयारी अवस्थामा राखिएका दुई थान भरिएको अक्सिजन ग्यासका सिलिन्डर बरामद गर्न प्रहरी सफल भएको थियो। यसरी श्वासप्रश्वासमा समस्या पार्ने कोरोना संक्रमणमा अक्सिजन अत्यावश्यक वस्तु हो। जटिल खालका संक्रमित बढेसँगै अस्पतालमा अक्सिजन अपुग भइरहेको छ। सरकारले केन्द्रीय स्तरका सबै सरकारी अस्पतालमा अक्सिजन ग्यास प्लान्ट जडान गर्नुपर्थ्यो। यो काम गर्न ढिलो भइसक्यो। अहिले सम्भव छैन। त्यसको विकल्पमा लिक्विड अक्सिजन प्लान्ट जडान गर्न सकिन्छ। नेपालगन्जको भेरी अस्पताललगायतका देशका केही अस्पतालमा यो प्रविधि जडानको प्रक्रियामा छ। लिक्विड अक्सिजनको कच्चा पदार्थ भारतबाट ल्याउनु पर्ने भएकाले यो प्रविधि पनि तत्काल कार्यान्वयन गर्न कठिन छ। अहिले भारतमै कच्चा पदार्थको अभाव छ।

अक्सिजनका लागि अक्सिजन कन्सेन्ट्रेटर पनि एउटा विधि हो। विद्युत्मा प्लग जोडेर प्रयोग गरिने यो प्रविधिबाट एकदेखि दुई जनालाई अक्सिजन दिन सकिन्छ। सुरुमा किन्दा महँगो पर्छ। तर, एक पटक किनेपछि सधैंका लागि हुन्छ। अहिले धेरै वटा किन्दा आर्थिक भार पर्नेछ। ठूला अस्पतालमा अक्सिजनको अभाव पूर्ति गर्ने पीएसए प्लान्ट पनि दिगो उपाय हो। अहिले प्लान्ट बनाउन कति सम्भव होला ? त्यसैले अहिलेको सबैभन्दा उपयुक्त विधि भनेकै अक्सिजन ग्यास उत्पादक कम्पनीलाई पूर्ण क्षमतामा सञ्चालन गर्ने नै हो। सामान्य अवस्थाका बिरामीभन्दा कोरोना संक्रमितलाई चार गुना बढी अक्सिजन चाहिन्छ। अस्पतालमा भर्ना भएका संक्रमितमध्ये ९० प्रतिशतभन्दा बढीलाई अक्सिजनको आवश्यकता छ। जटिल संक्रमितलाई चौबिसैघण्टा अक्सिजन चाहिन्छ। त्यसैले अक्सिजन ग्यासको प्रयोग स्वास्थ्य संस्थामा मात्र केन्द्रित गरिएको छ। अक्सिजन ग्यासको प्रयोग गर्ने कागज, सिसा, फर्मास्युटिकल्स, सिमेन्ट, चिनी मिल, आइरन कटिङ, ग्रिल उद्योगलगायत क्षेत्रको खपत रोकिएको छ। तस्करी र कालोबजारीकै कारण अस्पतालमा अक्सिजन ग्यासको अभाव छ। पानीबिनाको माछाजस्तै बिरामी अस्पतालमा अक्सिजन बिना छट्पटाइरहेको बेला कालोबजारी र तस्करी गर्नेहरू सल्बलाइरहेका छन्।

अझ पछिल्लो समय स्थानीय तहले अक्सिजनसहितको आइसोलेसन बनाएर अक्सिजन थुपारेर राखेका छन्। यी सबै गतिविधिले बजारमा अक्सिजन ग्यासको अभाव बढाएको छ। त्यसैले कोरोना महामारीमा अस्पताल र आइसोलेसनबाहेकको अक्सिजन भण्डारणमा रोक लगाउनुपर्छ। जसरी हुन्छ ग्यास उत्पादक उद्योगको क्षमता विस्तार गर्न र पूर्ण क्षमतामा सञ्चालन गर्न सघाउनु पर्छ। त्यसका लागि सरकारले विद्युत् र कर छुट दिन सक्छ। कालोबजारी र तस्करी रोक्न जिल्ला र पालिकास्तरको अनुगमन समितिको सक्रियता खाँचो छ। कालोबजारी र तस्करी गर्ने व्यक्तिलाई कानुनमा भएको हदैसम्मको कारबाही गर्नु जरुरी छ।


### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*


### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# स्वास्थ्य : सेवा कि व्यापार ?



प्रा.डा.बालमुकुन्द रेग्मी

सामन्तवादी, पूँजीवादी, समाजवादी वा समाजवादउन्मुख सबै व्यवस्थालाई स्वस्थ नागरिक आवश्यक पर्छन् । अस्वस्थ व्यक्ति श्रमिकको भूमिका निर्वाह गर्न सक्दैन । उसको उत्पादकत्व किफायती हुँदैन। पूँजी वा उत्पादकत्व वा नाफालाई सर्वोपरि राख्ने उद्योग व्यवसायीले स्वस्थ जनशक्ति, थोरै उर्जाबाट लामो समयसम्म भरपर्दो काम दिने उपकरण, बाढीपहिरो र अग्निभयबाट मुक्त घरजग्गा खोज्छन् । किसान नहर सुविधा भएको सुगमको खेतीयोग्य कीटपतंग, जन्तु आदिको भय नभएको उर्वरभूमि खोज्छन् । यसैगरी देशहरू आर्थिक र सामरिक विकासका लागि आवश्यक पर्ने जनशक्तिकै लागि पनि नागरिकको स्वास्थ्यमा जोड दिन्छन्। नेपाली संविधानले स्वास्थ्यलाई मौलिक अधिकारको रूपमा स्थापित गरेको छ । त्यस्तो स्वास्थ्यअधिकारका अवयव के हुन् ? न्यूनतम मापदण्ड के हो ? तत्सम्बन्धी प्राज्ञिक बहस आवश्यक छ। यसबाट वैचारिक स्पष्टता र फलतः तिनको कार्यान्वयन सम्भव छ।

**स्वास्थ्यअधिकारका अवयव**

स्वास्थ्यअधिकार अर्थपूर्ण हुनका लागि यो तत्कालीन प्राविधिक क्षमताले हासिल गरेको हदसम्मको सुरक्षित र प्रभावकारी हुनुपर्छ। नागरिकलाई त्यस्तो सेवा लिनमा उसको आर्थिक सामाजिक अवस्था, जाति, लिंग, उमेर, वर्ण, रूप, राजनीतिक झुकाव, क्षेत्रीयता, शैक्षिक योग्यता, पेसाको कुनै सरोकार नरहने अवस्था आवश्यक छ। देश सामन्ती प्रथा, बहुदलीय संवैधानिक राजतन्त्र हुँदै समाजवादउन्मुख गणतन्त्रमा आइपुग्दा स्वास्थ्यमा नागरिकको यस्तो पहुँचमा मुख्यतः आर्थिक, त्यसपछि राजनीतिक र केही हदसम्म माथि उल्लिखित अन्य पक्षको प्रभाव यथावत छ। धनीले र गरिबले पाउने स्वास्थ्य सेवा एकै स्तरको र उत्तिकै सुलभ छैन भन्ने कुरा कोरोना संक्रमणको प्रसंगमा केही अस्पतालले जारी गरेका सेवासम्बन्धी सूचनामा समाविष्ट मूल्यसूची, त्यसप्रति सामाजिक सञ्जालमा आएका विरोधका आवाज, तिनबारे सम्बन्धित अस्पताल र विशेषज्ञ चिकित्सकका स्पष्टीकरण र शुल्कलाई लिएर सरकारबाट छानबिनका कुरा उठेबाट पनि देख्न सकिन्छ। स्वास्थ्य सेवामा राजनीतिक प्रभाव रहन्छ भन्ने कुरा नेतृत्वमा रहेका व्यक्तिलाई पर्दा सरकारी निर्णयबाट राज्यकोषको अनुदान उपलब्ध भएका उदाहरणले प्रष्ट पार्छन् । अस्पतालले वा त्यहाँ कार्यरत कर्मचारीले चिकित्सक, प्रभावशाली व्यक्ति, चर्चित व्यक्तित्व, आफ्नो परिचित, आफ्ना क्षेत्रका र वर्गका व्यक्ति वा अन्य हिसाबले मन परेको व्यक्तिलाई बढी चासो दिए भनी बेलाबखत आएका टिकाटिप्पणी, गुनासा, खबरबाट बचेखुचेका माथि उल्लिखित अवयवको पनि भूमिका देख्न गाह्रो पर्दैन । आर्थिक समस्या नै हल गर्नेमा त धेरै छैनन्। राजनीतिक शक्तिमा रहेकाले, अस्पतालमा कार्यरत स्वास्थ्यकर्मीले र केही हदसम्म अन्य कर्मचारीले पनि बिरामीलाई बढी माया गर्न सक्ने देखेर आमजनताले तीसित खुसामद गरेका उदाहरण छन् । लेखक डोरबहादुर विष्टले सन् १९९१ मा प्रकाशित पुस्तक 'भाग्यवाद र विकास : आधुनिकीकरणका लागि नेपालको प्रयास' मा 'आफ्नो मान्छे'को बारेमा चर्चा गरेका थिए, धेरै राजनीतिक परिवर्तनपछि पनि हामीकहाँ त्यस्तो चलन बाँकी नै छ ।

स्वास्थ्य सेवाको अर्को महत्त्वपूर्ण अवयव सेवाको उपलब्धता हो। 'उपलब्धता' भन्नाले आवश्यक परेको समयमा र नागरिक रहेको गाउँ/सहर बाट सजिलै पुग्न सकिने स्थानमा सेवा पाइने प्रावधान भन्ने बुझिन्छ। कति दिदीबहिनीको सुत्केरी हुन नसक्दा नजिक सेवा उपलब्ध नभएर टाढाको अस्पताल लैजाने क्रममा ज्यान गएको छ। कोभिड–१९ कै सबालमा कतिले समयमै खोप पाउन सकेका छैनन् । निजी र सामुदायिक क्षेत्रका अस्पताल यही स्वास्थ्य सेवाको उपलब्धतामा टेवा पुऱ्याउने भन्दै खुलेका हुन् ।

**स्वास्थ्यमा व्यापार**

क्रयशक्ति भएका सम्पन्न वर्गका लागि निजी क्षेत्रका सुविधासम्पन्न अस्पताल खुल्दा कुनै आपत्ति भएन । त्यहाँ व्यक्तिगत गाडी पार्किङदेखि मनमोहक वातावरण, सजाइएका ठुला कोठा, चौबिसै घण्टा स्तरीय सेवा, बैठक र सेमिनार हलको व्यवस्था, व्यायामशाला, सामाजिक भेटघाटको व्यवस्था होस्, त्यसमा आमनागरिकको आपत्ति हुन परेन । आपत्ति त्यतिबेला हुन्छ, जतिबेला राज्यको ढुकुटी खर्च गरेर उत्पादित जनशक्ति निमुखाको उपचारमा उपलब्ध हुँदैनन् । निजी अस्पतालको सेवामा सीमित हुन्छन्, जतिबेला स्वास्थ्य सेवा र अनुसन्धानको नाममा ती अस्पतालले राज्यबाट छुट लिन्छन् । तिनले दिने सेवामा धनीको मात्र पहुँच हुन्छ, जतिबेला अस्पतालको गेटमा आइपुगेका ज्यान जोखिममा परेका बिरामीलाई खल्तीबाट पैसा निकाल्न नसक्दा उपचार नगरी फिर्ता गरिन्छ। पिछडिएको अमूक वर्गको वा अमूक क्षेत्रमा सेवा गरी सामाजिक जिम्मेवारी बहन गरेको भन्दै प्रचारबाजी गरिन्छ । अस्पताल भर्नामा, शल्यक्रियामा, स्वास्थ्य परीक्षणमा यस्तै छ। सरकारी अस्पतालमा सिटी स्क्यान, एमआरआई, अल्ट्रासाउन्ड, इकोकार्डियोग्राम जस्ता परीक्षण गर्न नपाइने, समयमै शल्यक्रिया गर्न सके रोगबाट बचाउन सकिने क्यान्सर ,एपेन्डीसाइटिस आदिका बिरामीलाई तुरून्तै सेवा उपलब्ध नहुने अवस्था कोभिड–१९ ले मात्रै ल्याएको होइन। विद्यमान स्वास्थ्य व्यवस्थाप्रति जनताका गुनासा छन् भने उही स्वास्थ्यकर्मी सर कारी अस्पतालमा सेवा दिन नभ्याउने तर निजी अस्पताल वा क्लिनिकमा सेवा दिन भ्याउने प्रवृत्तिप्रति हो। उही अस्पतालले सस्तो टिकटमा वा निःशुल्क बिरामी जाँच्न वा उसको परीक्षण र शल्यक्रिया गर्न नभ्याउने तर धेरै पैसा लिएर अस्पतालभित्रै 'विस्तारित स्वास्थ्य सेवा' नामक सेवा दिन भ्याउने प्रवृत्तिप्रति हो । कोरोनाको चपेटामा परेलगत्तै औषधि, उपकरण र परीक्षणका किटको खरिद प्रक्रिया र मूल्यमा हुने व्यापारिक स्वार्थ पनि उदांगो भएको छ। हामी कतिसम्म कमजोर भएका छौं भने सरकारले उत्पादकसित मूल्यमा सहमति कायम गरी किन्न अग्रिम भुक्तानी दिइसकेको खोपको आपूर्तिमा समेत हाम्रै व्यापारी रोक लगाउन सक्छन्। त्यही खोप सर कारले किन्न लागेको भन्दा निकै धेरै मूल्यमा बेच्न सरकारी स्वीकृति प्राप्त गर्न सक्छन्। अन्तर्राष्ट्रिय बजारमा माग र आपूर्तिको स्थितिअनुसार मूल्यमा केही तलमाथि हुनु स्वाभाविक होला। सरकार ले किन्न लाग्दाको मूल्यभन्दा तीन गुणा महँगो भएर गरिब नेपालीलाई उपलब्ध हुनुले गम्भीर सवाल उठाएको छ। औषधि आपूर्ति सेवाप्रधान हो कि व्यापारप्रधान हो ? यस्तो मूल्यवृद्धि प्राकृतिक हो कि कृत्रिम हो ?

जसरी कोरोना खोपको मूल्यलाई लिएर भारतले खोप विकास गर्ने कम्पनीको प्रतिलिपि अधिकार सुर क्षित राख्न नहुने कुरा उठायो। जुन मुद्दालाई अहिले आएर अमेरिकाले पनि समर्थन गरेको छ त्यो कोरोना खोपलगायत जनस्वास्थ्यसित चासो राख्ने सबै उत्पादनको व्यापारमा दलाल (एजेन्सी)को नाममा कायम हुने कमिसनतन्त्रलाई खारेज गर्ने प्रस्ताव नेपालबाट उठाइनुपर्छ। गरिब नेपाली प्राणरक्षाका लागि छट्पटिँदै गर्दा मुट्ठीभर व्यापारीलाई तिनले तिर्ने सलामीबाट मोटाउने व्यवस्था अन्त्य गरिनुपर्छ । संसारभरि कोरोनाको महामारी चलेर खोप कसरी पाऊँ भनी जनता छट्पटिइरहेको बेला खोप बिक्रीका लागि दलाल आवश्यक पर्दैन भन्ने कुरा हामीले उत्पादक कम्पनीलाई राम्ररी बताउन पर्छ। भित्रिएको खोपको मूल्य उत्पादक देशमा चलेको मूल्यभन्दा महँगो नपर्ने गरी राज्यले नै आपूर्तिको व्यवस्था मिलाउन आवश्यक छ।

**मापदण्डका कुरा**

कुनै शल्यक्रिया गर्नुपूर्व बिरामीका आफन्तलाई बेहोस पार्ने औषधिको प्रयोग वा शल्यक्रियाबाट बिरामीलाई अन्यथा भएमा अस्पताल जिम्मेवार हुने छैन। बिरामी पक्षले उपचार पद्धतिबाट बिरामीलाई हुन सक्ने जोखिमको सम्भावनालाई स्वीकार गर्दै स्वेच्छाले सो शल्यक्रिया छनोट गरेको भन्ने मञ्जुरीनामामा सही गराइन्छ। बिरामीलाई सूचनाको हक र उपचार पद्धति छनोटको हक दिइनु राम्रो कुरा हो । अप्ठेरोमा परेका अशिक्षित बिरामीलाई हतार मा गराइने कागज र त्यसैको आधारमा अस्पताल र स्वास्थ्यकर्मीले खोज्ने उन्मुक्तिलाई स्वास्थ्यको मापदण्ड मान्न सकिँदैन ।

देशमा बहुसंख्यकको रूपमा र हेका किसान, देशविदेशमा श्रममा आधारि त रोजगारी गर्दै ज्यान पालेका मजदुर को सरदर दैनिक कमाइभन्दा एउटा विशेषज्ञ चिकित्सकलाई भेट्नको लागि तिर्नपर्ने शुल्क बढी छ। मासिक आम्दानीभन्दा एउटा बेहोस नपारी गरिने सामान्य उपचारमा लाग्ने खर्च बढी छ। वार्षिक आम्दानीभन्दा अस्पताल भर्ना भएर बेहोस पारी गरिने ठुला शल्यक्रियासहितको उपचारमा लाग्ने खर्च बढी छ। आमनेपालीको क्रयशक्तिलाई ध्यानमा र ाखेर सेवाको शुल्क तोक्ने मापदण्ड आवश्यक छ। अप्ठेरोमा परेको गरिब बिर ामीसित उसको आर्थिक हैसियतभन्दा पर को शुल्क उठाउने व्यवस्थाले हाम्रो देशको समाजवादउन्मुख संविधानको मर्म बुझ्न सकेको देखिँदैन।

**र, यो पनि**

सरकारले ल्याएको स्वास्थ्यबीमाको प्रस्थानविन्दुमा पनि छलफल आवश्यक छ। पहिलो कुरा, आधार भूत स्वास्थ्यसेवामा बीमाको धारणा सही होइन । त्यो त सर्वसुलभ र निःशुल्क उपलब्ध हुनपर्छ। आर्थिक स्रोत नै जुटाउन खोजिएको हो भने आम्दानीमा आधारित स्वास्थ्यकर उठाउन सकिन्छ ।

# कुन मास्कको प्रयोग गर्ने?



मास्क देखावटी राम्रोको लागि भन्दा पनि त्यसको गुणस्तर, प्रभावकारिता हेरेर प्रयोग गरौं । मास्क भन्नेबत्तिकै हाम्रो सोचाइमा कोरोना भाइरस आउन थालेको छ । तर हाम्रो सोचाइ जस्तो भए पनि हामी मास्को प्रयोग गरिराखेका छौं। यो राम्रो कुरा हो। मास्कको धेरै प्रयोग नेपालमा कोभिडका बिरामी देखिएपछि हुन थालेको हो। यद्यपि कतिपयले अझै पनि मास्क लगाइरहेका छैनन् भने केहीले उचित तरिकाले लगाएको पाइँदैन ।

मास्कको प्रयोगले हामी कोरोना भाइरसबाट मात्र सुरक्षित नभएर हजारौं किसिमका रोग गराउने किटाणु जस्तैः भाइरस, ब्याक्टेरिया, धुलो, धुँवा आदिबाट पनि सुरक्षित हुन सक्छौं । मास्क धेरै प्रकारका भएता पनि प्राय जस्तो नेपाली बजारमा पाहिने चार किसिमका मास्क बढी प्रयोगमा आइरहेको छ।

**१) एन९५ मास्क**

नेपाली बजारमा पाउने मास्को दाँजोमा यो मास्क प्रभावकारी र गुणस्तर भएको मास्क हो। यसले भाइरसलाई ढछ प्रतिशतसम्म रोक्दछ भने ब्याक्टेरिया, फोहर, धुलोलाई झन्डै शतप्रतिसत रोक्ने गर्दछ। त्यसैले यो मास्क राम्रो छ।

**२) सर्जिकल मास्क**

यो मास्कको प्रभावकारिताको कुरा गर्दा भाइरस रोक्ने सन्दर्भमा एन९५ ले जस्तै यस्ले पनि ९५ प्रतिशत नै रोक्ने गर्दछ भने अन्य व्याक्टेरिया, फोहोरलाई एन ९५ भन्दा कम रोक्ने गर्दछ। यो मास्क एन९५ भन्दा सस्तो र भाइरसको दाँजोमा एन९५ ले जस्तै रोक्ने भएकाले राम्रो छ। र यो मास्क प्रयोगको लागि उचित छ।

**३) कपडाको मास्क**

यसले हामीलाई माथिका २ मास्कको दाँजोमा कम सुरक्षा प्रदान गर्छ । यो मास्कलाई माथिका २ प्रकारका मास्क नभेटिएको खण्डमा प्रयोगमा ल्याउन सकिन्छ।

**४) स्पोन्ज मास्क**

यो मास्क देख्दा धेरै प्रभावकारी भएको जस्तो राम्रो देखियता पनि माथिका अरू भन्दा धेरै कम प्रभावकारी छ। अहिलेको समयमा हेर्दा राम्रो र सुन्दर देखिने मास्कभन्दा पनि गुणस्तरीय र प्रभावकारी मास्क नै प्रयोग गर्नुपर्छ ।

# महिलाको प्रजनन क्षमता : कुन उमेरमा गर्भधारण गर्नु उचित

धेरैजसो महिलालाई आफ्नो प्रजनन क्षमता सम्बन्धी अधिक जानकारी हुँदैन । यस कुरा त्यसबेला जरूरी हुन्छ, जब कुनै दम्पती सन्तानको योजना बनाउँन थाल्छन् । सामान्य धारणा के छ भने प्रजनन क्षमताको कुरामा महिला मात्र जिम्मेवार हुन्छन् । यद्यपि सत्य के भने, प्रजनन क्षमताको समस्या महिला र पुरूष दुबैमा समान हुन्छ । तर, यसमा महिलाको उमेर पनि केही मात्रामा भूमिका खेल्ने बताइन्छ ।

प्रजनन क्षमताको बारेमा श्रीमान र श्रीमती दुबैले जान्नुपर्ने हुन्छ । किनभने गर्भाधारण, वच्चाको स्वास्थ्य र गर्भावस्थाको क्रममा सही विकल्प छनौट गर्नका लागि यसले सहयोग गर्न सक्छ । पुरूषको तुलनामा महिलाको उमेरले प्रजनन क्षमतामा प्रभाव पार्छ ?

प्रजनन क्षमताका लागि उमेर को कुरा गर्ने हो भने यसमा महिला र पुरूषमा भिन्न भिन्नै प्रभाव हुनेगर्छ । महिलाको जन्म निश्चित अन्डको संख्यासँग हुन्छ, जुन उमेर बढ्दै जाँदा कम हुँदै जान्छ । एउटा उमेर चरणमा पुगिसकेपछि उक्त अण्ड सकिन्छ । र, त्यसपछि उक्त अन्ड बन्ने प्रक्रिया नै रोकिन्छ । जबकि पुरूषको शरीरमा विर्य बन्ने क्रम जीवनभर कायम रहन्छ । यस हिसाबले के भन्न सकिन्छ भने महिलाको हकमा गर्भधारण गर्नका लागि एक सीमित उमेर हुन्छ । जबकि पुरूष ६०-७० वर्षको उमेरमा पनि पिता बन्न सक्छन् । अब जानौं, महिलामा प्रजनन क्षमता कुन उमेरमा बढी हुन्छ ?



**उमेरको दोस्रो दशकमा**

विज्ञका अनुसार उमेरको दोस्रो दशक वा २० वर्षको आसपासमा महिलाले स्वस्थ बच्चा जन्माउन सक्छिन् । यो त्यही उमेर हो, जतिबेला महिलामा प्रजनन क्षमता अत्याधिक हुन्ज्छ । दोस्रो दशकको सुरूवात र अन्त्यमा फर्टिलिटीमा कुनै अन्तर हुँदैन ।

**यस उमेरमा गर्भधारणका केही लाभ**

महिलाको अण्डमा आनुवांशिक असामान्य हुने संभावना कम हुन्छ । त्यसैले यस उमेरमा कुनैपनि आनुवंशिक डिसअर्डर, जस्तो कि डाउन्स सिन्ड्रोम, थैलेसिमिया जस्तो बच्चा जन्माउने जोखिम कम हुन्छ ।

**गर्भपातको खतरा केवल १० प्रतिशत हुन्छ ।**

जन्मको समय बच्चाको तौल पनि सही हुन्छ । अर्थात कम हुने संभावना हुँदैन । बच्चा पूर्णतय विकसित हुन्छन् । आमालाई पनि मधुमेह, उच्च रक्तचाप जस्तो कुनैपनि किसिमको स्वास्थ्य समस्या हुने जोखिम कम हुन्छ ।

**उमेरको यो चरणमा गर्भधारण गर्नुको बेफाइदा**

पहिलो पटकको गर्भधारणमा केही जटिलता हुन्छ । यदि तपाईंमा पिसिओडी वा गर्भाशयमा फाइब्राइड वा अन्य किसिमको रोग छ भने गर्भावस्थाको क्रममा थप समस्या देखिन सक्छ ।

जबकि पुरूषको प्रजनन क्षमताको कुरा गर्ने हो भने, उनको लागि चिन्ता गर्नुपर्ने खास कुरा छैन । यदि कुनै पुरूषमा प्रजनन क्षमता कमजोर हुन्छ भने त्यसमा उनको खराब जीवनशैली जिम्मेवार हुनसक्छ । यसको कारण मोटोपन, उच्च रक्तचाप, कुनैपनि किसिमको यौन संक्रमित रोगले स्पर्मको गतिशिलता र एकाग्रतामा प्रभावित गर्न सक्छ ।

**उमेरको तेस्रो दशकमा गर्भधारण**

यदि कुनै महिला आ ́नो उमेरको तेस्रो दशक अर्थात ३० बर्षको आसपासमा गर्भवती हुन चाहन्छन् भने उनीहरूमा हरेक महिला गर्भवती हुने संभावना १५ देखि २० प्रतिशतसम्म हुन्छ । यसका लागि उनीहरूमा कुनैपनि किसिमको जटिल रोग हुनुहुँदैन । एक अध्ययन अनुसार उमेरको तेसो दशकमा महिलाहरू आफ्नो पहिलो प्रयासमै गर्भधारण गर्ने संभावना ३० प्रतिशत हुन्छ । जब महिला ३५ बर्षको हुन्छन्, उनीहरूको अन्डको गुणवत्त र मात्रा कम हुन थाल्छ । यसैले उनीहरूको प्रजनन क्षमता पनि घट्छ ।

३५ बर्षपछि गर्भधारण गर्ने संभावना स्वभाविक रूपले कम हुन्छ । यस उमेरमा जुम्ल्यहा बच्चा जन्माउने संभावना धेरै रहन्छ ।

**उमेरको तेस्रो दशकमा गर्भधारणका हानी**

यस उमेरमा गर्भधारण गर्दा बच्चामा आनुवंशिक समस्या हुने संभावना बढी हुन्छ । गर्भपतन हुने खतरा पनि रहन्छ ।

**४० बर्षको उमेरमा गर्भधारण**

४० वर्षको उमेरमा गर्भधारण गर्नु असंभव कुरा होइन । यद्यपि ध्यान दिनुपर्ने कुरा के भने ४० वा ४४ बर्षको उमेरमा गर्भधारण गर्ने दर ५ प्रतिशतले कम हुन्छ । जबकि ४५ बर्षको उमेरमा यो दर १ प्रतिशत मात्र हुन्छ । सेन्टर फर डिजिज कन्ट्रोलका अनुसार विश्वभरमा आधा महिला उमेरको चौथो दशकमा प्रजनन सम्बन्धी समस्याले पीडित हुनेगर्छन् ।

त्यसो त गर्भवती हुने सही समय त्यही हुन्छ, जब तपाईंलाई अनुकुल मिल्छ । कतिपयले आफ्नो आर्थिक स्थिती राम्रो भएपछि वा करियर सुरू गरेपछि गर्भधारण गर्ने योजना बनाउँछन् । यदि तपाईं लामो समयपछि मात्र सन्तानको योजना बनाउँदै हुनुहुन्छ भने एक पटक चिकित्सकको सल्लाह लिनु उपयुक्त हुन्छ ।

## कोरोना संक्रमण

# घरमै बसेर यसरी छिटै निको हुन सकिन्छ

कोरोना भाइरसको दोस्रो लहरले फेरि देशलाई विनाशको पथमा पुऱ्याएको छ । विज्ञहरूका अनुसार कोरोना भाइरसबाट संक्रमितहरूमा देखिएको लक्षणहरू कि सामान्य हुन् कि भने एसिम्प्टोमेटिक हुन् । यदि तपाईंको शरीरमा कोरोनाका लक्षणहरू देखिएका छन् भने केहि चीजहरूलाई विशेष ध्यान दिन आवश्यक छ, ताकि तपाईंले रूआफैंलाई र अरूलाई पनि बताउन सक्नुहुनेछ ।

**यी लक्षणहरु चिन्नुहोस्**

ज्वरो : ३७ डिग्री सेल्सियसभन्दा बढी तापक्रम), लगातार खोकी, खाने कुराको स्वाद र सुँघ्ने क्षमता कम हुने, सास फेर्न गाह्रो हुने, थकान, घाँटी र टाउको दुख्ने, शरीर दुख्ने यसको सामान्य लक्षण हुन् । ज्वरो, खाने कुराको स्वाद, सुघ्ने क्षमता कमि हुनुको साथै तपाईंलाई लगातार खोकी लाग्छ भने तुरून्तै सचेत हुनुहोस् र सेल्फ आइसोलेसनमा बस्नुहोस् । कोरोनाको सामान्य लक्षणहरूमा कुनै विशेष प्रकारको उपचार आवश्यक पर्दैन । यद्यपि, तपाईले परीक्षण भने गराउन सक्नुहुनेछ ।

**सेल्फ आइसोलेसनमा कसरी बस्ने ?**

यदि तपाईं कोरोनाको धेरै किसिमको लक्षण देखियो भने सेल्फ आइसोलेसनमा बस्नु सबैभन्दा राम्रो विकल्प हो । घरमा सुरक्षित रहनुहोस् र जबसम्म चिकित्सकको सल्लाह आवश्यक पर्दैन तबसम्म बाहिर ननिस्किनुहोस् । कुनै कोरोना संक्रमित व्यक्तिसँग सम्पर्कमा आएपछि पनि यस्तै गर्नुहोस् । तपाई कम्तिमा पनि १४ दिन आइसोलेसनमा बस्नुपर्दछ । यसै बीचमा, घरका सबै सदस्यहरूबाट टाढा रहनुहोस् र उनीहरूलाई सामाजिक नेटवर्कहरु मार्फत सम्पर्क गर्नुहोस् ।

**यी कुरामा ध्यान राख्नुहोस्**

आइसोलेसनको लागि घरको यस्तो ठाउँ वा कोठा छनोट गर्नुहोस जहाँ झ्याल खोल्न मिल्ने र उज्यालो आउने होस् । औषधि, खाना वा किराना चीजहरूको डेलिभरीको बखत व्यक्तिहरूसँग सिधा सम्पर्कमा नजानुहोस् । कुनै पनि चीजहरु जस्तै भाँडा, ओछ्यान वा रूमाल घरका सदस्यहरूसँग शेयर नगर्नुहोस् । खोक्दा, हाछ्यू गर्दा रूमालले मुख छोप्नुहोस् । नाक वा मुख छाएपछि साबुनपानीले हात धुनुहोस् वा सेनिटाइजर प्रयोग गर्नुहोस् । घरमा बस्दा मास्क लगाउनुहोस् ।

**बाथरूमको प्रयोग**

यस्तो अवस्थामा, छुट्टै बाथरूम प्रयोग गर्नु बुद्धिमानी हुन्छ। यदि तपाईं एउटै शौचालय प्रयोग गर्दै हुनुहुन्छ भने केहि चीजहरूमा विशेष ध्यान राख्नुहोस्। तपाईंको तौलिया, टूथब्रश र फोहोर लुगा पूर्ण रूपमा अलग राख्नुहोस्। यसको प्रयोग पछि प्रत्येक पटक बाथरूम सफा गर्नुहोस्। संक्रमित व्यक्तिलाई बाथरूमको अन्तिम प्रयोग गर्नको लागि कोशिश गर्नुहोस्।

**भान्साको उपयोग**

भान्सामा अर्को व्यक्ति छ भने त्यहाँ जानु हुँदैन । संक्रमित व्यक्तिको कोठामा मात्र खाना व्यवस्थित गर्नुपर्छ। आइसोलसनका लागि छुट्याएको ठाउम मात्रै भाडा माझ्नुहोस् । तातो पानीको साथ साधारण डिटर्जेंटले साथ भाँडा माझ्नुहोस् । यदि तपाईं भान्सामा जाँदै हुनुहुन्छ भने, त्यसपछि प्रयोगपछि राम्रोसँग सफा गर्नुहोस् ।

**कसरी आफ्नो ख्याल राख्ने ?**

चिसो वा फ्लू जस्ता भाइरस जस्तै, कोरोनामा आफैलाई हेरचाह गर्नुहोस्। सकेसम्म धेरै पानी पिउनुहोस्। पर्याप्त मात्रामा पानी पिउँदा पिसाब पहेंलो हुन सक्दैन। धुम्रपान, मद्यपान नगर्नुहोस् । यसले तपाईंको शरीरलाई डिहाइड्रेट गर्नेछ। कुनै पनि काम नगर्नुहोस् जुन तपाईंको कलेजोमा असर गर्दछ ।

**डाक्टरलाई किन सम्पर्क गर्ने ?**

कोही मानिसमा कोरोना भाइरसका लक्षणहरु अधिक गम्भीर देखिन्छन्। यदि यी लक्षणहरूले व्यक्तिको शरीरलाई बढी नोक्सान पुऱ्याइरहेको छ वा असुविधा पैदा गर्दैछ, तब तिनीहरूले तुरून्त चिकित्सकलाई सम्पर्क गर्नुपर्नेछ।

## थाहा नगरका जनप्रतिनिधिको सम्पर्क नम्बर

| | | |
|---|---|---|
| थाहा प्रमुख | लवशेर विष्ट | ९८५५०६७६९२ |
| थाहा उपप्रमुख | खड्ग बहादुर गोपाली | ९८५५०६७०४५ |
| १ नं. वडाध्यक्ष | हेरमान गोपाली | ९८५५०८९३०१ |
| २ नं. वडाध्यक्ष | गुप्तबहादुर कार्की | ९८५५०८९३०२ |
| ३ नं. वडाध्यक्ष | राजेश के.सी. | ९८५५०८९३०३ |
| ४ नं. वडाध्यक्ष | दिपक सिं लामा | ९८५५०८९३०४ |
| ५ नं. वडाध्यक्ष | विष्णुबहादुर गुरुङ | ९८५५०८९३०५ |
| ६ नं. वडाध्यक्ष | शशीधर सुवेदी | ९८५५०८९३०६ |
| ७ नं. वडाध्यक्ष | सनमसिं मुक्तान | ९८५५०८९३०७ |
| ८ नं. वडाध्यक्ष | टिकाराम रुम्बा | ९८५५०८९३०८ |
| ९ नं. वडाध्यक्ष | परशुराम श्रेष्ठ | ९८५५०८९३०९ |
| १० नं. वडाध्यक्ष | हिराबहादुर गमाल | ९८५५०८९३१० |
| ११ नं. वडाध्यक्ष | किरणमान बल | ९८५५०८९३११ |
| १२ नं. वडाध्यक्ष | मानबहादुर स्याङ्तान | ९८५५०८९३१२ |

# प्रहरी कार्यालयको मुख्यालय भवन शिलान्यास



◆ विकास संवाददाता

बागमती प्रदेश प्रहरी कार्यालयको मुख्यालय भवनको शिलन्यास गरिएको छ । बागमती प्रदेश आन्तरिक मामिला तथा कानून मन्त्रालयका सचिव मदन भुजेलले भवन शिलान्यास गरेका हुन् । मन्त्रालयको आर्थिक सहयोगमा बागमती प्रदेश प्रहरी कार्यालयको परिसरमा निर्माण गर्न लागिएको हो ।

३ वर्षमा निर्माण सम्पन्न गर्ने लक्ष्यका साथ ३२ करोडको लागतमा भवन निर्माण हुने जनाईएको छ । चालु आर्थिक वर्षको लागि मन्त्रालयबाट ५ करोड निकासा भएकोमा टेण्डर प्रकृया सम्पन्न गरी ३ करोड ३ लाख २४ हजार ६ सय रूपैयामा निर्माण कम्पनीसंग सम्झौता भएको छ । निकट भविष्यमा नेपाल प्रहरी समायोजन भई प्रदेश प्रहरीको रूपमा रहने भएकोले हालको संरचना अपुग हुने र बागमती प्रदेश प्रहरीको प्रधान कार्यालयको रूपमा विकास गर्नुपर्ने भएको हुँदा भवनको निर्माण कार्य थालिएको जनाईएको छ । बागमती प्रदेश प्रहरी हाल संघीय अन्तर्गत रहेता पनि बागमती प्रदेश सरकारले भवन निर्माण लगायत शान्ति सुरक्षासंग सम्बन्धीत प्रत्यक्ष सरोकार राख्ने विषयहरूमा सहयोग गर्दै आईरहेको छ ।

मन्त्रालयको सहयोगमा हालसम्म बागमती प्रदेशको उपत्यका बाहेक ३४ वटा प्रहरी ईकाई निर्माण सम्पन्न भईसकेका छन् भने १२ वटा प्रहरी ईकाई निर्माणाधिन रहेका छन् । त्यस्तै चालु आर्थिक बर्षमा बागमती प्रदेश प्रहरी कार्यालयको मुख्यालय समेत थप २१ वटा प्रहरी ईकाई निर्माणको लागि सम्झौता भई निर्माण कार्य प्रारम्भ भईसकेको छ ।

हालसम्म ६७ वटा प्रहरी ईकाईहरू निर्माणको लागि आन्तरिक मामिला तथा कानून मन्त्रालयबाट सहयोग भएको बागमती प्रदेश प्रहरी कार्यालयले जनाएको छ ।

# बन्चरो प्रहाबाट हजुरआमाको मृत्यु

◆ विकास संवाददाता

हेटौंडामा शुक्रबार नातिको बन्चरो प्रहारबाट हजुरआमाको मृत्यु भएको छ । मृत्यु हुनेमा हेटौंडा-१७ दियालो दमारका ९० बर्षीया कान्छीमाया गुरूङ र हेकी छिन् ।

घरको आँगनमा बसिरहेको बेला गुरूङलाई आफ्नै नाति २२ बर्षीया आकाशले बन्चरो प्रहार गरेका थिए । बन्चरो प्रहारबाट घाइते गुरूङको उपचारको क्रममा हेटौंडा अस्पतालमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका डीएसपी जयश्वर रिमालले बताएका छन । बन्चरो प्रहार गर्ने नातिलाई प्रहरीले नियन्त्रणमा लिएको छ । घटनाबारे थप अनुसन्धान भईरहेको प्रहरीको भनाइ छ ।

# हेटौंडा-१९ मा ट्रक र बस ठोक्कियो

◆ विकास संवाददाता

पुर्वपश्चिम राजमार्ग अन्तर्गत हेटौंडा १९ नेवारपानिमा ट्रक र बस एक आपसमा ठक्कर खाई दुर्घटना हुँदा १८ जना घाइते भएका छन ।

हेटौंडाबाट चितवन तर्फ जादै गरेको ना ५ ख ४१४६ नम्बरको ट्रक र गौर जाँदै गरेको ना ७ ख ९१४० नम्बर को बस एक आपसमा ठक्कर खाइ दुर्घटनाग्रस्त हुँदा १८ जना घाइते भएको मकवानपुर प्रहरी प्रवक्ता डिएसपी जयश्वर रिमालले प्रष्ट खबरलाई बताएका छन । घाइते १५ जना भनिएपनि ३ जना घाइते आफै सहकारी अस्पतालमा उपचारका लागि गएको र पछि प्रहरी सम्पर्कमा आएकोले घाइतेको संख्या बढेको डिएसपी रिमालले बताए ।

# अति आवस्यक सेवाहरुको खुल्ने समय परिवर्तन




◆ विकास संवाददाता

कोरोना भाइरसको नियन्त्रण तथा रोकथामका लागी जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्रको निर्णय अनुसार जिल्लाका ४ स्थानिय निकायमा निषेधाज्ञा लगाएपनि अति आवस्यक सेवा क्षेत्रहरूमा सर्वसाधरणको भिडभाड नियन्त्रणमा नआएपछि प्रशासनले पुनः समय तालिकामा परिवर्तन गरेको छ ।

निशेधाज्ञाको समयमा मकवानपुरमा अति आवस्यक सेवाहरूबाहेक बिहान १० देखि दिउँसो ४ बजेसम्म खोल्ने निर्णय भएको बैंक तथा वित्तिय संस्था अब दिउँसो २ बजेसम्म मात्रै खुल्ने भएका छन् ।

यसैगिरी जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्रले बिहान ५ देखि ९ बजेसम्म खुल्दै आएको तरकारी, खाद्यान्न, पानी, दूध, माछामासु र फलफूल पसल भने अब बिहान ८ बजेसम्म मात्र खोल्न पाईने निर्णय गरेको छ । यस्तै निर्णय अनुसार बैंक तथा वित्तिय संस्थाहरू आलोपालो गरी जनस्वास्थ्यका मापदण्ड अनिवार्य पालना गरी भिडभाड नहुने गरी सञ्चालन गर्नुपर्नेछ ।

मकवानपुरमा रहेका उद्योग कलकारखानाले सम्भव भएसम्म कर्मचारी तथा श्रमिकलाई उद्योगमै राख्ने व्यवस्था गर्नुपर्नेछ । सम्भव नभए जिल्ला प्रशासन कार्यालय मकवानपुरमा जानकारी गराई निश्चित सवारी साधनको प्रयोग गरी बिहान ४ देखि ६ बजेभित्र कर्मचारी तथा श्रमिकलाई उद्योग परिसर भित्र प्रवेश गराइसक्नुपर्ने निर्णय गरिएको छ । उद्योग कलकारखानाले साँझ ५ देखि ७ बजेसम्म आफ्ना कर्मचारीलाई घरमै पुऱ्याउने व्यवस्था गर्नुपर्ने निर्णय गरिएको छ । यस्तै अस्पताल प्रयोजन बाहेक अन्यत्र प्रयोग भएका अक्सिजनको लगत तयार गरिने भएको छ ।

# घरमै सामाजिक सुरक्षाभत्ता



◆ विकास संवाददाता

हेटौडा ९ स्थित संवेदनशील टोल विकास संस्थाले बुधबार आफ्नै कार्यसमिति मार्फत घरघरमै पुगेर सामाजिक सुरक्षा भत्ता वितरण गरेको छ।

कोभिड १९ संक्रमणको जोखिमलाई मध्यनजर गर्दै टोल विकास संस्थाले हेटौडा ९ नं वडा कार्यालयको टोल विकास संस्था मार्फत चेक संकलन गरी सामाजिक सुरक्षा भत्ता उसै मार्फत वितरण गर्ने निर्णय गरे अनुसार टोल विकास भित्र रहेका जेष्ठ नागरिक,एकल महिला, अपाङ्गता लगाएतलाई घरमै पुगेर भत्ता वितरण गरिएको टोल विकास संस्थाका अध्यक्ष नबराज कोइरालाले बताए । बैंकले भिडको कारण कोरोना जोखिम अझ बढ्न सक्ने भएकाले वितरण गर्न असमर्थता जनाए पछि वडा कार्यालयको निर्णय अनुसार घरमै भत्ताको व्यवस्था गरिएको टोल विकास संस्थाकी सचिव लक्ष्मी वनले बताइन।

उपभोग्य सामाग्री खरिद गर्दा उपभोग मिति अनिवार्य हेरौं ।

# औषधि बढी मूल्यमा बेचेको पाइएमा कारबाही




◆ विकास संवाददाता

औषधि व्यवस्था विभागले कोभिड-१९ का बिरामीका लागि प्रयोग हुने औषधि रेम्डिसिभिर औषधि बढी मूल्यमा बेचेको पाइएमा कारबाही गर्ने जनाएको छ । विभागका महानिर्देशक वसन्त भट्टर ईइले सूचना जारी गर्दै रेम्डिसिभिर औषधि बढी मूल्यमा बेचेको जनगुनासो आएकाले कारबाही गरिने बताएका हुन् ।

उनले संक्रमण फैलिरहेका अवस्थामा बिरामीका लागि प्रयोग हुने रेम्डिसिभिर औषधिको कृत्रिम अभाव गरेर न्यूनतम मानवीय संवेदनासमेत ख्याल नगरि अधिकतम खुद्रा मूल्यभन्दा बढीमा बिक्री गर्नेलाई कारबाही गरिने दावी गरे ।

विभागले अधिकतम खुद्रा मूल्यभन्दा बढीमा बिक्रीवितरण नगर्न/नगराउन तथा तोकेको खुद्रा मूल्यभन्दा बढीमा खरिद नगर्न सबैमा आग्रह समेत गरेको छ । अहिले संक्रमण बढिरहेका अवस्थामा रेम्डिसिभिरलाई बढी मूल्यमा बेच्ने गरेको पाइएको छ ।

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट
काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,ब्यानर तयार
AARAV creation
DESIGN FLEX PRINT PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340
हाम्रा अन्य सेवाहरू
● फ्लेक्स प्रिन्ट (ब्यानर/साइनबोर्ड)
● होडिङ बोर्ड/स्टिकर प्रिन्ट/
● फ्लेक्स फोटो/मायाको चिनो तयारी
● प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
● कार्यक्रमको ब्याच तयारी
● विभिन्न डिजाइनका फ्रेमिङ
● फोटो स्टुडियो/पि.भि.सी. कार्ड
9855068340/9802068340

# निषेधाज्ञाले बिजुलीको माग घट्यो, कुलेखानीको उत्पादन स्थगित



◆ विकास संवाददाता

निषेधाज्ञाका कारण उद्योग व्यवसाय पूर्ण क्षमतामा चल्न नसक्दा विजुलीको माग घटेको छ । यो सँगै भारतबाट हुने आयात समेत कम भएको नेपाल विद्युत प्राधिकरणले जनाएको छ । निषेधाज्ञा अघि (१३ गते) १४ सय ८२ मेगावाट सम्म पिक डिमान्ड रहेकोमा निषेधाज्ञासँगै क्रमशः घट्दै गएको प्राधिकरणका प्रवक्ता मदन तिमल्सिनाले बताएका छन् । अहिले औसतमा १२ सय ५० मेगावाट पिक आवर डिमान्ड रहेको छ ।

बुधबार १२ सय ५८ मेगावाट पिक डिमान्ड थियो भने मंगलबार ११ सय ७८ मेगावाट माग थियो । यस्तै सोमबार १२ सय २२ मोगावाट माग भएको प्राधिकरणले जनाएको छ । गत वर्ष यही समयमा सरकारले बन्दाबन्दी गर्दा पनि बिजुलीको माग घटेर ८०० मेगावाट हाराहारीमा आएको थियो । त्यसबेला उद्योग धन्दा पूर्ण रूपमा बन्द थिए ।

अहिले देशभरका औद्योगिक क्षेत्र पूर्ण क्षमतामा चल्न नसकेको औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडले जनाएको छ । कच्चा पदार्थको अभाव र कामदार कोभिड संक्रमित भएपछि उद्योगहरू पूर्ण क्षमतामा चल्न नसकेको औद्योगिक क्षेत्र व्यवस्थापनको भनाइ छ । यद्यपि अत्यावश्यक उत्पादन, दुध, ग्यास, पाउरोटी, बिस्कुट, अक्सिजन, पानीको उत्पादन भने घटेको छैन ।

कोरोना माहामारी बढेसँगै निषेधाज्ञा पनि लम्बिदै गएको छ । देशभर अहिले ६१ जिल्लामा निषेधाज्ञा जारी छ । वैशाख १६ गतेदेखि लगाइएको निषेधाज्ञालाई सरकारले निरन्तरता दिइरहेको छ । संक्रमणको आधारमा निषेधाज्ञा हुने जिल्लाहरू पनि थपिदै गएका छन् ।

**कुलेखानी आयोजना बन्द**

अहिले लोड घटेको बेलामा कुलेखानी जलाशयलाई प्राधिकरणले रिजर्भमा राखेको छ । यसको सतह कम हुँदै गएकाले यसलाई रिजर्भमा राखिएको प्रधिकरणले जनाएको छ ।

कुलेखानी जलाशयमा पानीको सतह धेरै तल पुगेपछि आयोजना बन्द गरिएको हो । कुलेखानी पहिलो, दोस्रो र तेस्रोको जडित क्षमता १ सय ६ मेगावाट रहेको छ । पानी सञ्चिति बढाउन कुलेखानी आयोजन बन्द गरिएको प्रवक्ता तिम्सिनाले जानकारी दिए । उनले भने, 'माग कम भएको बेला यसलाई चलाएका छैनौँ । रिजर्भमा राखेका छौँ । अरू सबै जलविद्युत आयोजनालाई भने पूर्ण क्षमतामा चलाइएको छ ।'

नेपालले सबैभन्दा बढी बिजुली कालिगण्डकी जलविद्युत आयोजनाबाट प्रयोग गर्दै आएको छ । यो १ सय ४४ मेगावाट क्षमताको आयोजना हो । यसले पिक समयमा १ सय ४४ मेगावाटसम्म विजुली उत्पादन गर्छ । केही दिन अघि पानी नपर्दा ४५ मेगावाटसम्म विजुली उत्पादन क्षमता घटेको थियो । तर पछिल्लो केहि दिन यता पानी परेसँगै यसको उत्पादन क्षमता बढेको छ । अहिले औसतमा ८० मेगावाट उत्पादन हुन्छ ।

यो क्यूआरओआर बेस आयोजना हो । कालीगण्डकी, दुइवटा मर्स्याङ्दी र चमेलिया क्यूआरओआर बेस हुन । यिनीहरूले कम लेभल हुदा पनि चाहिएको बेला ६ घण्टासम्म पूर्ण क्षमतामा उत्पादन गर्न सक्छन् । नेपालमा साना ठूला गरेर लगभग सय भन्दा बढी जलविद्युत आयोजना छन् ।

**आयात पनि घट्यो**

विजुली माग घटेसँगै आयात पनि घटेको छ । सामान्य अवस्थामा साढे ७ सय मेगावाट सम्म भारतबाट आयात हुँदै आएकोमा अहिले ६ सय मेगावाटभन्दा कम बिजुली आयात भएको प्राधिकरणले जनाएको छ । अहिलेको मौसम न ज्यादा गर्मी छ न ज्यादा जाडो नै छ । ज्यादा गर्मी हुँदा एसी, फ्यान लगायत शीतलता दिने विद्युतीय साधन कम प्रयोग भएपछि माग बढी हुन्थ्यो । यस्तै जाडोमा न्यानो बनाउन हिटर लगायतका साधन ज्यादा चलाउने हुदा पनि विद्युतको माग ज्यादा हुने गरेको थियो । तर अहिले अनुकुल मौसमका कारण यी दुबै अवस्थाको साधनको प्रयोग नहुँदा पनि विद्युत माग कम भएको तिमल्सिनाको भनाई छ । यता होटल रेष्टुरेन्ट लगायतका आतिथ्य सेवा दिने सेवा उद्योगहरू पनि पूर्ण रूपमा बन्द छन् ।

# 'आग्रह उलंघन गर्ने विरुद्ध ऐन बमोजिम कारबाही



◆ विकास संवाददाता

थाहानगरमा कोरोना संक्रमितको संख्या बढेपछि थप जोखिम न्यूनिकरणका लागि २७ बैशाख राती १२ बजेदेखि २८ बैशाख राती १२ बजेसम्म पैदल समेत नहिड्न निर्देशन समितिले अनुरोध गरेको छ ।

२६ वैशाखमा थाहा नगर पालिकामा बसेको कोभिड रोकथाम तथा नियन्त्रण निर्देशन समितिको बैठकले औंसीमा हुने भीडभाड नियन्त्रणका लागि त्यस्तो निर्णय गरिएको उपप्रमुख खड्ग गोपालीले बताए । सो अवधिमा खाद्यान्न, तरकारी, मिठाई, फलफूल पसल समेत नखोल्न आग्रह गरिएको छ । बैठकले नगरबासीलाई कुनै पनि बाहानामा घर बाहिर हिडडुल नगर्न आग्रह गरिएको छ । आग्रह उलंघन गर्ने विरूद्ध संक्रमण रोग ऐन २०२० अन्तर्गत कार्वाही गरिने चेतावनी दिइएको छ ।

बैठकले सबै व्यवसायीहरूलाई निर्णय पालना गराउन सहयोग पुर्याउन थाहानगर उद्योग वाणिज्य संघलाई आग्रह समेत गरेको छ । न

गरमा हरेक दिन संक्रमण दर बढिरहेको छ्भने आइतबार विहानसम्म २ जनाको मृत्यु भैसकेको छभने ४ जना नगरबाहिर उपचाररत छन् ।

९९ जना होम आइसोलेशनमा छन् । गत वष क्वारेन्टाइनका लागि प्रयोग गरिएको भवनलाई यस वर्ष आइसोलेशनको रूपमा प्रयोग गरिने तयारी गरिरहेको छ । बज्रबाराहीस्थित सो भवन आइसोलेशनका लागि २७ वैशाखदेखि योग्य हुनेछ

# थाहाको गाडी कोरोना न्यूनिकरणमा प्रयोग गर्ने: प्रमुख प्रशासकीय अधिकृत

◆ विकास संवाददाता



थाहा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत हरिलाल पुरीले प्रयोग गर्दै आएको गाडी कोरोना प्रकोप भर आफुले नचढ्ने घोषणा गरेका छन् ।

२५ वैशाख राती ९:४२ बजेको समयमा सामाजिक संजाल फेसबुकमा स्टाटस लेख्दै कोरोना र दैविक प्रकोपमा प्रयोग गर्ने बताउदै सो अवधिभर आफू गाडी नचढ्ने बताएका हुन् । पुरीले स्टाटस लेखेका छन् "मैले प्रयोग गरिरहेको थाहा नगरपालिका को गाडी नम्बर बा २ भ १२५९को गाडी कोरोना र दैबिप्रकोप मा प्रयोग गर्नेगरी हस्तान्तरण गरेको छु । कोरोना अबधी भरी मैले चढिरहेको गाडि नचड्ने घोषणा गर्दछु।"

सुविधा भन्दा पनि नागरिकको स्वास्थ्यलाई ठूलो र महत्व दिदै आफूले चढ्ने गाडी कोभिड रोकथाम तथा नियन्त्रणका गतिविधिमा प्रयोग गर्न हस्नतान्तरण गरेको प्रमुख प्रशासकीय अधिकृत पुरीले बताए । उनले भने–'सबैले सुविधा मात्र हैन यस्तो विपदका बेला सक्दो सहयोग पनि गर्नु पर्छ ।' प्रशासकीय अधिकृत पुरीको उक्त घोषणाको सबैले स्वागत गरेका छन् । थाहानगरमा दैनिक रूपले कोरोना संक्रमितको संख्या बढ्न थालेपछि एम्बुलेन्सको अभावले बिरामीले समय मै सेवा नपाउने सम्भावनाको अन्त्य गर्न अटोरिक्सा प्रयोग गर्ने निर्णय समेत गरेको थियो ।

# थाहामा कोरोना .........

नियमित निगरानी गरिरहेको समेत जनाएको छ । कोभिड–१९ का कारण राहत उपलब्ध गराउन पर्ने अवस्था आएमा एकद्वार प्रणालीमार्फत् वितरण गरिनेछ ।

समितिअन्तर्गत बजारमा दैनिक उपभोग्य बस्तुहरूको सहज विक्री वितरणका लागि स्टक विवरण तथा मूल्यसूचिको अनुगमन गर्नेछ । यसैगरी बिरामीहरूलाई अनलाइनमार्फत् विशेषज्ञ सेवा उपलब्ध गराउने तयारी समेत भइरहेको जनाएको छ । जिप्रकाले जारी गरेको निषेधाज्ञा अनुसार विहान ५ बजेदेखि ९ बजेसम्म अति आवश्यक बस्तुहरूको वित्रीका लागि खाद्यान्न, तरकारी, माछामासु, दुधजन्य पसल खोल्न पाउने छ । अत्यावश्यक कार्य तथा राशन ढुवानीका लागि सवारीसाधन संचालन गर्नु परेमा सम्बन्धित वडा कार्यालयले प्रहरीसँग समन्वय गरी पास जारी गर्न सकिने निर्णय गरेको छ । यसैगरी, बैठकले खेतबारीमा भौतिक दूरी कायम गरी काम गर्न, अत्यावश्यक बस्तु खरिद गर्न बाहेक बिना काममा घर बाहिर ननिस्किन अनुरोध गरेको छ ।

# लामो लाइन नै विद्युत..................




त्यसरी बिना तयारी बिद्युत आपूर्ति बन्द हुने कार्यलाई प्रधिकरणको भाषाले "ट्रिप्प" भनिन्छ । त्यसरी ट्रिप्प हुने कुरा वितरण केन्द्र पालुङलाई पनि थाहा हुन्न । धोर्सिङदेखि जहाँसम्म मूख्य लाइन (११ हजार केभी) छ त्यस भागमध्ये कतै समस्या आए लाइन ट्रिप्प हुने प्राधिकरणले जनाएको छ । पालुङ वितरण केन्द्रको कार्यक्षेत्रमा मूख्य लाइन १ सय १० किलोमिटर छ ।

त्यसो त पुर्व योजना अनुसार सूचना जारी गरेर काटिने बाहेक कहाँबाट लाइन ट्रिप्प भयो भन्ने जानकारीसम्म नहुने पालुङ वितरण केन्द्र प्रमुख बिनोद अधिकारी बताउछन् ।

धोर्सिङको स्रोतमा मात्रै निर्भर रहेको वितरण केन्द्रको स्वीचिङ स्टेसन हाल कुलेखानीस्थित ड्यामसाइड मात्र हो । सहरी क्षेत्रमा प्रत्येक ३०/३५ किलोमिटरमा सव स्टेसनहरू हुने भएपनि यस क्षेत्रमा भने एउटै सव स्टेसनबाट १ सय १० किलो मिटरको दूरी हेर्नु पर्नाले लाइन अबरूद्द हुँदा तत्काल सेवा दिन कठिनाइ भएको प्रमुख अधिकारी बताउँछन् । यहि समस्याको समाधानका लागि धेरै वर्षअघिदेखि निर्माण थालिएको मार्खुस्थित सव स्टेसन अझै चार्ज हुन सकेको छन् । काठमाडौं मातातीर्थबाट ३३ केभिको लाइन जोडेर वितरण गर्न बनाइएको मार्खुको सव स्टेसन विभिन्न विवादमा पर्दै आएको छ । "अब छिट्टै चार्ज हुन्छ होला, केही दिनको मात्रै काम बाकी छ" प्रमुख अधिकारीले भने ।

पछिल्लो समय मौसमका कारण समयमा मर्मत गर्न नसक्दा पनि समस्या थपिएको प्राधिकरण स्वीकार्छ, "चट्याङ्का कारण एक हप्तामा मात्र १० वटा ट्रान्सफर्मर जलेको छ, त्यो कुन ट्रान्सफर जल्यो पत्ता लगाउन पनि सबै ट्रन्समिटर चार्ज गरेर हेरेपछि मात्र थाहा हुने हुँदा तुरून्त सेवा दिन ढिलाइ भएको हो" प्रमुख अधिकारी बताउछन् ।

"हाल १४ हजार ग्राहक रहेको वितरण केन्द्र पालुङलाई ग्राहकको माग अनुसार लोड दिन पहिले जस्तो समस्या नभएपनि लामो रूट जङ्गल परेको हुँदा समस्या पत्ता लगाउन नै हम्मेहम्मे पर्ने हुन्छ । बरू कहिँ कतै लाइनको समस्या देखिएमा, पोल ढलेको, तार चुडिएको देखिएमा तत्काल हामीलाई खबर गरि दिए समस्या समाधान गर्न सहयोग पुग्थ्यो" प्रमुख अधिकारी भन्छन् "हाम्रो कार्यालयको नियन्त्रणमा छैन, लाइन ट्रिप्प भएपछि मात्र समस्या पहिचानका लागि हामी खटिनु परेको छ, सानो क्षेत्रमा आउने समस्याले लाइन ट्रिप्प हुँदा पनि तत्कालका लागि सबै क्षेत्रमा बिद्युत अवरूद्ध हुने हुन्छ ।" प्रमुख अधिकारी बताउछन् "पुर्णरूपमा समाधान हुन अझै केही वर्ष लाग्छ तर हामी तत्कालका लागि समस्या समाधानको उपाय खोजिरहेका छौँ ।"

नेपाल बिद्युत प्राधिकरण पालुङमा धेरैजना प्रमुख फेरिदा पनि मार्खुको सव स्टेसन चार्ज हुन नसक्नु पछिल्लो समयको मूख्य समस्या रहेको छ । ९ वर्ष अगाडि पनि नियमित बिद्युत अवरूद्ध भएपछी स्थानीयले आन्दोलन समिति नै गठन गरेर प्राधिकरणमा ताला लगाएका थिए । हाल पनि प्राधिकरणको चरम लापरबाही भएको भन्दै उपभोक्ताहरूले सामाजिक संजाल मार्फत आक्रोश पोख्दै आएका छन् । महशुल भुक्तानीका लागि नयाँ प्रविधि भित्र्याएर ग्राहकलाई सहज बनाए पनि सेवा प्रविधिमा सुधार गर्ने तर्फ ध्यान नदिएको उपभोक्ताको आरोप छ ।

# निषेधाज्ञा अवज्ञा गर्ने सवारी नियन्त्रणमा



◆ विकास संवाददाता

मकवानपुर प्रहरीले हेटौंडामा निषेधाज्ञा अवज्ञा गर्ने ७३ वटा मोटर साइकल/स्कुटर सहित ९५ वटा साना सवारी साधनहरूलाई नियन्त्रणमा लिएको छ। प्रहरीले हेटौंडाको विभिन्न स्थानबाट ७३ वटा मोटरसाईकल/स्कुटर,१८ वटा अटो,३ वटा ट्याक्सी र १ वटा सुमो गरी जम्मा ९५ वटा सवारी र ५ वटा पसलका संचालकहरूलाई निषेधाज्ञा अवज्ञा गरेको भन्दै नियन्त्रणमा लिएको हो । नियन्त्रणमा लिएको सवारीहरूलाई केहि घण्टा प्रहरी कार्यलयमा राखेर सम्झाई बुझाई गरेर सवारी फिर्ता गरिएको जिल्ला प्रहरी कार्यलय मकवानपुरका प्रहरी निरीक्षक अविनाश अधिकारीले जानकारी दिए ।

प्रहरीले उनिहरूलाई हेटौंडाको विभिन्न स्थानबाट नियन्त्रणमा लिएको हो। निषेधाज्ञा अवज्ञा गर्ने सवारीहरूलाई संक्रामक रोग ऐन २०२० बमोजिम आवश्रूयक कारवाहिको तयारी रहेको जिल्ला प्रहरी कार्यलय मकवानपुरले जनाएको छ ।

जिल्ला प्रशासन कार्यलय मकवानपुरले निषेधाज्ञामा अनुमति प्राप्त सवारी र व्यवसाय संचालनलाई निश्चित समय सम्म अनुमति दिएको छ । प्रशासनले कोरोना संक्रमणको जोखिम बढेको भन्दै निषेधाज्ञा क्षेत्रमा अत्यावश्यक उपभोग्य वस्तु खाद्यान्न, पानी, दूध, माछा, मासु, अण्डा, फलफूल तथा तरकारी पसल बिहान ५ बजे देखि बिहान ८ बजे सम्म मात्र विक्री वितरण गर्न समय दिएको छ। यसैगरि प्रशासनले औषधी पसल, पेट्रोल पम्म, ग्याँस डिपो, अक्सिजन सिलिण्डर पसल, सवारी साधन मर्मत गर्ने तोकिएका वर्कसप नियमित सञ्चालन गर्नुपर्ने र अन्य सबै प्रकारका व्यवसायहरू बन्द गर्नुपेर्न जनाएको छ ।

जिल्ला प्रशासन कार्यलय मकवानपुरको जिल्ला कोभिड–१९ संकट व्यवस्थापन केन्द्रले गएको २० गतेबाट ३१ गतेसम्म मकवानपरको हेटौंडा उपमहानगरपालिका सहित थाहा नगरपालिका, भीमफेदी गाउँपालिका र मनहरी गाउँपालिकाको पूर्वपश्चिम राजमार्गको दाँयाबाँया ५/५ सय मिटर क्षेत्रमा निषेधाज्ञा जारी गरेको छ ।

# सामुदायिक प्रहरी सेवा केन्द्र लाई सुविधा सम्पन्न एम्बुलेन्स

◆ विकास संवाददाता

हेटौडा उपमहानगरपालिका वडा नम्बर ५ का वडा अध्यक्ष राजेश बाँनियाले जिल्ला प्रहरी कार्यालय मकवानपुरमार्फत सुविधा सम्पन्न एम्बुलेन्स सामुदायिक सेवा केन्द्र मकवानपुर तथा सामुदायिक प्रहरी सेवा केन्द्र हेटौडा पशुपतिनगरलाई सोमबार आयोजित एक कार्यक्रम बिच हस्तान्तरण गरेका छन् ।

१४ लाख ५० हजार लागतको एम्बुलेन्स बाँनियाकी आमा नर्बदा बानियाँ र वडाध्यक्ष बानियाँले संयुक्त रूपमा बागमती प्रदेश प्रहरी कार्यलयका प्रमुख डिआइजी बसन्त लामा तथा सामुदायिक प्रहरी सेवा केन्द्र हेटौडा पशुपतिनगरका अध्यक्ष राम बिष्टलाई एम्बुलेन्सको साँचो हस्तान्तरण गरेका हुन् ।

कार्यक्रममा बाँनियाले आफ्नो स्वर्गीय हजुरबुवा तेज सिंह बाँनिया स्वर्गीय बिरेन्द्र बहादुर बाँनियाको स्मृतिमा बानियाँ परिवारले अप्ठ्यारोमा परेका नागरिकलाई सहयोग हुने उद्धेश्यले एम्बुलेन्स हस्तान्तरण गरिएको बताए। उनले भने 'मैले अघिल्लो बर्ष सामुदायिक प्रहरी सेवा केन्द्रको कार्यक्रममा एम्बुलेन्स सहयोग गर्ने उदघोष गरेको थिए, म जनप्रतिनिधि भएको नाताले नागरिक स्वास्थ्य सेवाबाट वञ्चित नहुन् भन्दै एम्बुलेन्स हस्तान्तरण गरेको हुँ' । कार्यक्रममा वडा अध्यक्ष बानियाँले आफुहरूले हजुरबुवा तथा बुवाको नाममा एम्बुलेन्स सहयोग गर्न पाँउदा निकै खुसी लागेको बताउदै अब यसलाई व्यवस्थित तरिकाले संचालन गर्ने जिम्मा सामुदायिक प्रहरी सेवा केन्द्रको हो आवश्यक परेको खण्डमा अन्य सहयोग गर्ने आफुहरू तयार रहेको बताए ।



कार्यक्रममा सामुदायिक प्रहरी सेवा केन्द्र हेटौडा पशुपतिनगरका अध्यक्ष राम बिष्टले एम्बुलेन्सलाई सामुदायिक सेवा केन्द्र मकवानपुर हेटौडाको एम्बुलेन्स संचालन नियमावली २०७८अनुसार संचालन गरीने बताए ।

कार्यक्रममा सामुदायिक प्रहरी सेवा केन्द्र हेटौडा पशुपतिनगरका अध्यक्ष बिष्टले यो एम्बुलेनसबाट धेरै घाईते तथा बिरामीहरूलाई उपचारको लागी अस्पताल लैजान ठुलो सहयोग पुग्ने बताउदै दाता बानियाँ परिवारप्रति धन्यवाद व्यक्त गरेका थिए ।

कार्यक्रममा प्रदेश प्रहरी प्रमुख डिआइजी लामाले एम्बुलेन्स प्राकृतिक प्रकोप एवं दुर्घटनामा उद्धार तथा सामाजिक सेवामा प्रयोग गरिने बताए ।

सामाजीक दुरी कार्यम गरी आयोजना गरीएको कार्यक्रममा सामुदायिक प्रहरी सेवा केन्द्र पशुपतिनगर का अध्यक्ष राम बिष्ट, नेपाल पत्रकार महासंघ मकवानपुरका अध्यक्ष मणिराज गौतम, मकवानपुरका प्रहरी प्रमुख प्रहरी उपरीक्षक सोमेन्द्र सिंह राठौर, जिप्रका मकवानपुरका प्रहरी निरीक्षक चुडाकुमारी खड्का, अविनाश अधिकारी लगायतको उपस्थिति रहेको थियो ।

# प्रविधिमय बन्दै इन्द्रसरोवर.........



तहको महत्वपूर्ण क्षेत्रहरूमा अप्टिकल फाइवर सहित द्रुत गतिको इन्टरनेट विस्तार गर्न सफल हुनेमा सम्भवत् मकवानपुरकै स्थानीय तहहरू मध्ये इन्द्रसरोवर पहिलो रहेको खतिवडाको दाबी छ। सुचना तथा जानकारीहरूमा सरोकारवालाहरूको पहुँच सहज बनाउनको लागि विद्युतीय सुशासन सहितको स्मार्ट स्थानीय तहको परिकल्पनालाई साकार बनाउन गाउँपालिकाकाले उदाहरणीय काम गरेको गाउँपालिकाका अध्यक्ष जीवन लामाले बताए। वि.सं. २०७७ साल मंसिर बाट सुरू गरेको इन्टरनेट बिस्तारको कार्य २०७७ माघमा सम्पन्न भएको पालिकाले जनाएको छ ।

यसैबीच गाउँपालिकाले प्रविधिलाई अंगाल्दै जाँदा इन्द्रसरोवर बासीलाई सेवा प्रवाह र सूचनाको पहुँचमा निक्कै नै सहजता भएको पालिकाले जनाएको छ। करिब १७ हजार जनसंख्या रहेको इन्द्रसरोवरमा इन्टरनेट सेवा विस्तार ले सरकारी तथा सार्वजनिक संस्थाहरूबाट सञ्चालन हुने सेवा प्रवाह नागरिकलाई सहजता पुगेको पालिकाको विश्वास छ।

कार्यालयका चिठी, प्रतिवेदन, फारम, गतिविधि, योजना, बैठकका निर्णय लगायत विविध विषयहरूलाई कम्प्यूटर मा प्रविष्ट गरि मागेको समयमा सूचना दिने व्यवस्था गरिएको छ। साथै प्रत्येक कोठामा डेस्कटप र प्रिन्टरको व्यवस्था गरिएको जनाइएको छ। गाउँपालिकाले कागजी प्रयोगलाई कम गर्न प्रोत्साहन दिदै वेभसाईट, एस.एम.एस, कम्प्यूटर, पेनड्राइभ, प्रोटेवल हार्डडिस्क, ल्यावटेव लगायत मोवाईल एप्सको प्रयोगमा वृद्धि भएको छ ।

इन्द्रसरोवरमा हालसम्म करिब २५० घरधुरीले इन्टरनेट जडान गरि सकेका छन्। नागरिकले घरमै बसीबसी कार्यालयका सूचनाहरू गाउँपालिकाको इमेल, वेभपेज, मोवाईल एप्स, सामाजिक सञ्जाल आदिवाट प्राप्त गर्न सक्छन् भने गाउँपालिकाको गतिविधिहरू यिनै माध्यमवाट घरघरमा बसेर हेर्न र देख्न सक्ने भएको छ ।




● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा–४, मकवानपुर ● इमेलः bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी